# आर्थिक वर्ष २०६४/६५ मा जिल्लाहरूमा सञ्चालन गरिने विकास कार्यक्रम र विनियोजित रकम

जिल्ला र रकम स्पष्ट खुलेका आयोजनाहरूका आधारमा विकास क्षेत्रको बजेट




नेपाल सरकार

## राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

नेपाल

आषाढ, २०६४

# भूमिका

विगतमा भएका जनसंघर्ष र ऐतिहासिक जनआन्दोलन २०६३ पछि जनताको भावना, आकांक्षा र देशको विकास आवश्यकताहरू समेतलाई ध्यानमा राखी तीन वर्षीय अन्तरिम योजना (२०६४/६५-२०६६/६७) को आधारपत्र तर्जुमा गरिएको छ । आगामी अ.व. २०६४/६५ यस योजनाको कार्यान्वयनको प्रथम वर्ष हो । यस योजनामा लिइएको "देशका विद्यमान वेरोजगारी, गरिवी र असमानता घटाई दिगो शान्ति स्थापनामा सघाउ पुऱ्याउदै आम जनताको जीवनमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने" प्रमुख उद्देश्य हासिल गर्न पुनःस्थापना, पुनःनिर्माण, फराकिलो आर्थिक वृद्धि, समावेशी विकास र सुशासन आदि रणनीतिहरू अख्तियार गरिए अनुरूप आ.व. २०६४/६५ को वार्षिक विकास कार्यक्रमहरू तयार पारिएका छन् । देश हाल संक्रमणकालीन अवस्थामा रहेको छ । यस संक्रमणकालमा विकास निर्माणमा जनसहभागिता तथा निक्षेपण एउटा मूल रणनीतिको रूपमा अंगीकार गरिएको छ भने सामाजिक आर्थिक दृष्टिले पछाडिपरेका जिल्ला एवं क्षेत्रहरूको विकास गर्न उपलब्ध सीमित साधन र स्रोतको बाँडफाँडमा प्राथमिकता दिइएको छ ।

देशका सवै जिल्लाहरूमा संचालन हुने वार्षिक विकास कार्यक्रमहरूको विवरण समावेश गरिएको यस पुस्तिकामा आगामी आ.व. २०६४/६५ मा कार्यान्वयन गरिने विकास कार्यक्रमहरू, ती कार्यक्रमहरूमा विनियोजित वजेटलाई जिल्ला र वजेट स्पष्ट खुलेका कार्यक्रम/आयोजनाहरू, जिल्ला छुट्टिएको तर विनियोजित वजेट एकमुष्ट रूपमा रहेका कार्यक्रम/आयोजनाहरू र एकमुष्ट रूपमा विनियोजित वजेटबाट विभिन्न जिल्लाहरूमा संचालन गरिने कार्यक्रम/आयोजनाहरूको विवरण राखिएको छ । यस पुस्तिकामा स्थानीय निकायहरू, व्यवस्थापिका संसदका सदस्यहरू तथा सर्वसाधारण जनताहरूको मागहरूलाई यथासम्भव समेटिएको छ ।

यो पुस्तिका देश विकासको कार्यमा संलग्न र अभिरूची राख्नु हुने सवैलाई उपयोगी हुने विश्वास लिइएको छ । विकास कार्यक्रमहरूको प्रभावकारी एवं सफल कार्यान्वयनबाट नै योजनाको उद्देश्य हासिल गर्न सहयोग पुग्ने भएकोले यस पुस्तिकामा उल्लेखित विकास कार्यक्रमहरूको कार्यान्वयनमा सवै पक्षबाट सक्रिय सहयोग हुने अपेक्षा राखिएको छ ।

अन्त्यमा, यो पुस्तिका तयार गर्ने कार्यमा सहयोग पुऱ्याउनु हुने सम्बन्धित सवै मन्त्रालय, आयोग, विभाग, कार्यालय र राष्ट्रिय योजना आयोगको सचिवालयका कर्मचारीहरूलाई राष्ट्रिय योजना आयोग धन्यवाद ज्ञापन गर्दछ ।

**आषाढ २०६४** **राष्ट्रिय योजना आयोग**